नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-:अभद्र व्यवहार ।

मि.नं.-१११ , दायर मिति-:२०८०-०५-१२

फैसला मिति-२०८०-०६-१८

वादी

अलि अकबर मियाँ अंसारीको जाहेरीले नेपाल सरकार--१

प्रतिवादी

जिल्ला पर्सा बी.म.न.पा.वडा नं.२ बस्ने बर्ष ३४ को सिकन्दर आलम ठकुराई भन्ने मोहम्द सिकन्दर अली समेत २-----------------------------------------------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

**१.प्रतिवादीहरुले घरमा प्रवेश गर्दै मुख छाडी अश्लिल शब्दहरु प्रयोग , गाली गलौज तथा हातपात गरी अभद्र व्यवहार गरेको भन्ने अलि अकबर मियाँ अंसारीको जाहेरी दरखास्त।**

**२. घरमा प्रवेश गर्दै मुख छाडी अश्लिल शब्दहरु प्रयोग , गाली गलौज तथा हातपात गरी अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीहरुको बयान कागज।**

**३. घरमा प्रवेश गर्दै मुख छाडी अश्लिल शब्दहरु प्रयोग , गाली गलौज तथा हातपात गरी अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका जौबाद हुसेन अंसारी समेतको घटनाविवरण कागज।**

**४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।**

**५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।**

## ठहर-खण्ड

**यसमा हातपात गरेको छैन भनी ईन्कारी बयान गरेतापनी मिति २०८०।०५।०३ गते अं.१९:०० बजेको समयमा जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.२ छपकैया टोल स्थितमा जाहेरवालाको श्रीमतीलाई प्रतिवादीहरु सिकन्दर आलम ठकुराई भन्ने मोहम्द सिकन्दर अली र मुस्तजाब मियाँ ठकुराईले अश्लिल शव्दहरु प्रयोग गरी गाली ग्लौज गर्दै हातपात गरी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको भन्ने घटनास्थल मुचुल्का, तथा अली अकबर मियाँ अन्सारीको जाहेरी दरखास्त, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी सिकन्दर आलम ठकुराई भन्ने मोहम्द सिकन्दर अली र मुस्तजाब मियाँ ठकुराईलाई जरिवाना जनही रु ५,०००।- गर्ने र क्षतिपुर्तिवापत रु ४,२४०।- वादीलाई भरी भराई दिनु। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।**

## तपसिल खण्ड

**१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी मुस्तजाब मियाँ ठकुराईलाई ठहरेको जरिवानाको हकमा मिति २०८०-०५-१२ गते र.नं.१०३ बाट दाखिला गरेको धरौटी रकम रु ५,०००।- बाट जरिवाना रकम रु ५,००० कट्टा गरि मिनाहा गर्नु र प्रतिवादी महम्द सिकन्दर अलीलाई ठहरेको जरिवानाको हकमा मिति २०८०-०५-१२ गते र.नं.१०२ बाट दाखिला गरेको धरौटी रकम रु ९,२४०।- बाट जरिवाना रकम रु ५,०००।- कट्टा गरि मिनाहा गर्नु र बाँकी रहेको रकम ४,२४०।- वादीलाई भरी भराई दिनु ।---------------------------------------------------------------------------------------------------१**

**२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत वीरगंज मा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याद दिनु------------------------------------------------------------------------------------------१**

**३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------१**

**४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु------१**

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल असोज महिना १८ गते रोज ५ शुभम् .......................